# नेपाल बार एशोसिएशन

## मानव अधिकार तथा जनसरोकार समिति


**नेपाल बार एशोसिएशन भवन, रामशाहपथ, काठमाण्डौ ।**


मितिः २०७८ मंसिर ३

**प्रेश विज्ञप्ती**

नेपाल बार एशोसिएशनले न्यायपालिका भित्रका विकृति, विसंगती, विचौलिया, भ्रष्टाचार हटाई न्यायपालिकाको जनआस्था वढाउने, स्वतन्त्र, सक्षम, निष्पक्ष र हस्तक्षेपमुक्त न्यायपालिका वनाउने कार्यमा वर्तामान प्रधान न्यायाधीश बाधक देखिएको हुँदा उहाँको राजिनामा माग गरी चरणवद्ध रुपमा सर्वोच्च अदालत परिसरमा गर्दै आएको शान्तिपूर्ण विरोध कार्यक्रममा एस.एल. आर. समेतको सशस्त्र हातहतियार सहितका दंगा प्रहरी प्रवेश गराई कानून व्यवसायीहरु माथि निर्ममता पूर्वक वल प्रयोग गरी मिति २०७८ मंसिर २ गते नेपाल बार एशोसिएशनको शान्तिपूर्ण प्रदर्शनमा दंगा प्रहरीको आक्रमणबाट ने.बा.ए.का अध्यक्ष वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ, केन्द्रीय सदस्य अधिवक्ता श्री प्रकाश महर्जन, वरिष्ठ अधिवक्ता श्री सविता भण्डारी वराल, सर्वोच्च अदालत बार एशोसिएशनका सचिव अधिवक्ता श्री ऋषिराम घिमिरे, अधिवक्ताहरु कपिलचन्द्र पोखरेल, युवराज वन्जाडे, नितेश श्रेष्ठ, रमणकुमार कर्ण तथा उच्च अदालत बार एशोसिएशन पाटनका सदस्य अधिवक्ता श्री गोपाल सापकोटा र आज मिति २०७८ मंसिर ३ गते सोही प्रकृतिको घटना दोहोर्याई अधिवक्ताहरु श्री लक्ष्मी पोखरेल, अधिवक्ता श्री दिवश निरौला, नेबाए केन्द्रीय सदस्य अधिवक्ता श्री अञ्जु कायस्थ, अधिवक्ता श्री विष्णु तिवारी लगायतका कानून व्यवसायीहरु घाईते हुनु भएको घटना प्रति नेपाल बार एशोसिएशन, मानव अधिकार तथा जनसरोकार समितिको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान, संयुक्त राष्ट्रसंघको विश्वव्यापी धोषणापत्र तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिले समेत विना हातहतियार स्वतन्त्रतापूर्वक भेला भई विचार र अभिव्यक्तिको माध्ययमबाट शान्तिपूर्ण रुपमा विरोधका कार्यक्रम गर्न पाउने व्यवस्थाको सुनिश्चितता गरेको सन्दर्भमा कानून व्यवसायीहरु माथि अदालत परिसर भित्रै भएको यस प्रकारको घटना निन्दनीय र खेदजनक छ । तसर्थ, कानून व्यवासायीहरुको शान्तिपूर्ण विरोधका कार्यक्रममा अनावश्यक शक्ति र वलको प्रयोग नगर्न नगराउन यो समिति सम्बन्धित सवै पक्षको ध्यानाकर्षण गराउँदछौं ।

भूवन प्रसाद निरौला
सदस्य सचिव

सुनिलकुमार पोखरेल
संयोजक